धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily  राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
“हामी यता बाट कल गर्छौं”

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३२९ ◆ २०८३ असार १ गते सोमबार, Monday, June 15, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## स्थानीय र प्रदेशसभा निर्वाचनका लागि एमालेको मिसन जागरण अभियान

काठमाडौँ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले स्थानीय र प्रदेश तहको निर्वाचनलाई लक्ष्य गरेर केन्द्रीय सदस्यहरुलाई ‘मिसन जागरण’ का निम्ति परिचालन गरेको छ ।

आगामी निर्वाचनमा पार्टीका पक्षमा मतदातालाई पार्न एमालेले सो अभियान सञ्चालन गर्न लागेको पार्टीका प्रचार तथा प्रकाशन विभाग प्रमुख निरज आचार्यले जानकारी दिनुभयो ।

जनतासँगको सम्बन्ध सुधारका लागि एमालेले ‘६ ज’ को नीति प्रस्तुत गर्दै ‘जनतामा जाऔँ, जनताका कुरा सुनौँ, जनप्रिय बनौँ, जनसङ्गठन परिचालन गरौँ, जबजलाई आत्मसात् गरौँ र जनमत सर्वेक्षणका आधारमा समेत प्रत्येक तहमा प्रतिस्पर्धामा सफलता हासिल गर्न सक्ने योग्य र सक्षम नेतृत्व तयार गरौँ’ भन्ने आह्वानसहित कार्ययोजनाको विवरण पठाएको उहाँले जानकारी दिनुभयो ।

## परराष्ट्रमन्त्री खनाल चीन प्रस्थान

काठमाडौँ । परराष्ट्रमन्त्री शिशिर खनाल चिनियाँ विदेशमन्त्री वाङ यीको निमन्त्रणामा चीनको चार दिवसीय भ्रमणमा आइतबार बेइजिङतर्फ प्रस्थान गर्नुभएको छ ।

परराष्ट्र मन्त्रालयका अनुसार चीनमा रहँदा मन्त्री खनालले आफ्ना समकक्षी वाङसँग नेपाल-चीन सम्बन्ध अझ सुदृढ बनाउने तथा आपसी सहकार्यलाई अझ सबल बनाउने सम्बन्धमा द्विपक्षीय वार्ता गर्नुहुने छ । साथै उहाँले चीनका उच्च अधिकारीहरूसँग पनि बेग्लाबेग्लै भेटवार्ता गर्नुहुनेछ ।

मुलुकमा वैदेशिक लगानी भित्र्याउने उद्देश्यले बेइजिङस्थित नेपाली दूतावासद्वारा आयोजना हुने लगानी सम्मेलनमा मन्त्री खनाल सहभागी हुनाका साथै चिनियाँ उद्यमी व्यवसायीसँग पनि उहाँले छलफल गर्नुहुने कार्यक्रम छ ।

परराष्ट्रमन्त्री खनालको सम्मानमा उक्त दूतावासले एक स्वागत समारोह आयोजना गर्नेछ । समारोहमा उहाँले नेपाली समुदायसँग अन्तरक्रिया गर्नुहुनेछ। मन्त्री खनाल आगामी असार ३ गते स्वदेश फर्किनुहुने कार्यक्रम छ ।

## ट्राफिक कारबाहीमा चार लाख ५८ हजार राजस्व

काठमाडौँ। बितेका २४ घण्टामा दुई हजार ४०८ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु चार लाख ५८ हजार राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेका १४०, नियमविपरीत ‘राइड सेयरिङ’ गरेका ११६, सङ्केत बत्ती उल्लङ्घनकर्ता १३८ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका २८४ जनालाई कारबाही गरिएको हो । यसैगरी, ‘लेन’ अनुशासन पालना नगर्ने ८५, निषेधित क्षेत्रमा हर्न बजाउने १०६, सडक पेटीमा सवारीसाधन ‘पार्किङ’ गर्ने १२४, एकतर्फी सडकमा सवारी चलाउने ११६ र अन्य सवारी नियम पालना नगरेका एक हजार ३३५ जनालाई कारबाही गरिएको हो ।

## आयआर्जनसँग जोड्न पाडी वितरण

नवलपरासी। पहाडी क्षेत्रमा पर्ने बौदीकाली गाउँपालिकामा विपन्न परिवारलाई आयआर्जनसँग जोड्न भैँसीको पाडी अनुदानमा वितरण गरिएको छ। बौदीकाली-२ डेढगाउँका १५ परिवारलाई पाडी वितरण गरिएको हो ।

गाउँपालिकाका प्रवक्ता एवं वडा नं २ का वडाध्यक्ष श्यामसुन्दर श्रेष्ठका अनुसार विपन्न परिचयपत्र प्राप्त गरेका परिवारलाई पाडी वितरण गरिएको हो । आर्थिक अवस्था कमजोर भएका परिवारलाई वडाबाटै विनियोजित रु चार लाख ५० हजार बजेटबाट पशुपालनका लागि पाडी वितरण गरिएको उहाँले बताउनुभयो । पहाडी क्षेत्रमा आम्दानीको स्रोत वृद्धि गर्न पशुपालनलाई प्रोत्साहन गर्न ९० प्रतिशत अनुदानमा पाडी वितरण गरिएको हो । गत वर्ष पनि पाडी तथा बङ्गुर अनुदानमा वितरण गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । यस वर्ष पनि पाडी तथा केही परिवारलाई बाखासमेत वितरण गरिएको छ । केही दिनभित्र ९० बङ्गुरका बच्चा वितरणको तयारी गरिएको उहाँले जानकारी दिनुभयो । पशुपालनतर्फ स्थानीयलाई आकर्षित गर्दै आयआर्जनसँग जोड्नका लागि पालिकास्तरमा यस्ता कार्यक्रमलाई प्राथमिकता दिएर अघि बढाइएको वडाध्यक्ष श्रेष्ठले बताउनुभयो। “हामीकहाँ आयआर्जनका स्रोत कम छन्। यसलाई विस्तार गर्दै लैजाने योजनाअनुसार पशुपालनलाई समेत जोड दिँदै आएका छौँ। गत वर्ष बङ्गुर वितरण गरेकाले मासु उत्पादन पर्याप्त भयो, स्थानीयले आम्दानीसमेत राम्रो गरे । त्यसैले यस्ता कार्यक्रमलाई प्राथमिकता दिँदै आएका छौँ”, उहाँले भन्नुभयो ।

गाउँपालिकाले दुग्ध उत्पादनलाई पनि प्राथमिकतामा राखेर काम गरिरहेको छ। जसअनुसार पशुपालन विस्तार गर्न इच्छुक किसानका लागि सहुलियत कृषि ऋणको व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष प्रकाश ओझाले बताउनुभयो । स्थानीय वित्तीय संस्थासँगको समन्वयमा गाउँपालिकाले ९० प्रतिशत ब्याज व्यहोर्ने गरी ऋण कार्यक्रम सञ्चालन गरेको उहाँले बताउनुभयो । दुग्ध उत्पादनमा पनि पालिकाले अनुदान उपलब्ध गराउँदै आएको अध्यक्ष ओझाले बताउनुभयो । अकला दुग्ध उत्पादक कृषि सहकारी संस्था लिमिटेड सँग सहकार्य गरेर उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

# धादिङको सिद्धलेकमा १२३ शिक्षक, २७ विद्यार्थी र ५० खेलाडी सम्मानित

*प्रत्यूष समाचारदाता*



धादिङबेशी । धादिङको सिद्धलेक गाउँपालिकाले शिक्षा तथा खेलकुद क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याउने शिक्षक, विद्यार्थी, विद्यालय र खेलाडीलाई सम्मान गरेको छ। गाउँपालिकाद्वारा आयोजित कार्यक्रममा १२३ जना शिक्षक, कक्षा ८ र १० मा उत्कृष्ट नतिजा हासिल गर्ने २७ जना विद्यार्थी तथा विभिन्न विधाका ५० जना खेलाडीलाई सम्मान गरिएको हो ।

गाउँपालिकाका अनुसार कक्षा ८ को परीक्षा २०८२ मा शतप्रतिशत नतिजा ल्याउने आठ विद्यालय तथा माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउने दुई विद्यालयलाई समेत सम्मान गरिएको छ ।

सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष परशुराम खतिवडाले शिक्षा, स्वास्थ्य, खानेपानी, सडक तथा खेलकुदलगायत क्षेत्रमा भएका कामहरूको अभिलेख व्यवस्थित रूपमा राखिएको बताउनुभयो । उहाँले शिक्षा र खेलकुद क्षेत्रको विकासलाई प्राथमिकतामा राख्दै आगामी दिनमा विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण, हाजिरीजवाफ प्रतियोगिता तथा अन्य सिर्जनात्मक कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो। साथै, सम्मानित विद्यालयहरूमा एक दिन बिदा दिने निर्णय गरिएको पनि उहाँले बताउनुभयो ।

कार्यक्रममा गाउँपालिकाकी प्रमुख प्रशासकीय अधिकृत अनिशा आचार्यले शिक्षक, अभिभावक तथा शिक्षा क्षेत्रमा क्रियाशील सबै पक्षको योगदानको प्रशंसा गर्दै शिक्षा र खेलकुदलाई स्थानीय सरकारको प्राथमिकतामा राखिएको उल्लेख गर्नुभयो । उहाँले देखिएका कमजोरीहरू सुधार गर्दै अघि बढ्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । कार्यक्रमकी प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य उर्मिला थपलिया (सीता) ले शिक्षकलाई समाज निर्माणको महत्वपूर्ण आधारस्तम्भको रूपमा व्याख्या गर्दै शिक्षकका सुझाव र गुनासालाई स्थानिय सरकारले सकारात्मक रूपमा ग्रहण गर्नुपर्ने धारणा राख्नुभयो। उहाँले शिक्षक, अभिभावक र विद्यार्थीबीचको सहकार्यबाट मात्रै गुणस्तरीय शिक्षा सम्भव हुने धारणा राख्नुभयो ।

गाउँपालिका अध्यक्ष खतिवडाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनप्रतिनिधि, शाखा प्रमुख, शिक्षक, विद्यार्थी तथा अभिभावकहरूको सहभागिता रहेको थियो ।

## लोकसेवा आयोगको ७६औँ वार्षिकोत्सवको पूर्वसन्ध्यामा प्रभातफेरी

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । लोकसेवा आयोगको ७६औँ वार्षिकोत्सवको पूर्वसन्ध्यामा आइतबार प्रभातफेरी निकालिएको छ। कमलपोखरी स्थित लोकसेवा आयोगको केन्द्रीय कार्यालय बाट सुरु भएको प्रभातफेरी चारखाल, डिल्लीबजार, पुतलीसडक, हात्तीसार चोक हुँदै आयोगको कार्यालयमा पुगेर समापन भएको थियो ।

प्रभातफेरीको समापनमा आयोगका अध्यक्ष माधव रेग्मीले एक पटकका लागि शैक्षिक योग्यतामा सुविधा दिने, पुरानालाई अवसर दिने र आन्तरिक प्रतिस्पर्धा गर्ने भन्ने विषयलाई आयोगले स्वीकार नगर्ने बताउनुभयो। “त्यो भनेको प्रतिस्पर्धात्मक सिद्धान्तका विपरीतका विषयहरू हुन्, प्रतिस्पर्धात्मक छनोटको सुनिश्चितता लोक सेवा आयोगको मूल मर्म हो”, उहाँले भन्नुभयो ।

‘लोक सेवा आयोगको प्रतिबद्धता, प्रतिस्पर्धात्मक छनोटको सुनिश्चितता’ लाई आयोगले मूल मन्त्र मानेको उहाँको भनाइ छ । आयोगले नेपालको संविधानअनुसार निजामतीका साथै सरकारी र सुरक्षा निकाय र सङ्गठित संस्थाहरूको पनि पदपूर्तिको जिम्मेवारी बहन गर्दै आइरहेको अध्यक्ष रेग्मीले बताउनुभयो ।

“सबैभन्दा सम्मानित र सबैको विश्वास आर्जन गरेको संस्था भएको हुनाले यसलाई निजामती मात्रै होइन, अब सङ्गठित संस्था र सुरक्षा निकायको पनि जिम्मेवारी दिनुपर्छ भनेर नेपालको संविधानले सङ्गठित संस्था र सुरक्षा निकायको समेत चाहिँ जिम्मेवारी आयोगलाई दिएको छ,” उहाँले भन्नुभयो ।

प्रभातफेरीमा आयोगका सदस्य र कर्मचारीहरूको सहभागिता थियो ।

## रौतहटमा एकैदिन पाँच सयको आँखा परीक्षण

चन्द्रपुर। रौतहटमा शनिबार एकैदिन बृहत् निःशुल्क आँखा शिविर सञ्चालन गरी पाँच सयभन्दा बढी नागरिकको आँखा परीक्षण गरेको छ । नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित गौर आँखा अस्पतालले आफ्नो महाअभियानअन्तर्गत तीन फरक-फरक स्थानमा आँखा परीक्षण गरेको हो ।

बालबालिकादेखि ज्येष्ठ नागरिक सम्म लक्षित गरी उक्त शिविर सञ्चालन गरिएको हो। सेवा फाउन्डेसनको सहयोगमा निजी तथा सामुदायिक विद्यालयबाट छनोट गरिएका बालबालिकालाई लक्षित गरी विशेष आँखा परीक्षण कार्यक्रम समकेत सञ्चालन गरिएको थियो । गौर आँखा अस्पतालका नेत्रअधिकृत शिवकुमार यादव, दृष्टि विशेषज्ञ पुनम यादवसहित करिब १५ सदस्यीय प्राविधिक टोलीले आँखा परीक्षण, परामर्श तथा आवश्यक औषधि वितरण गरेको थियो। परीक्षणका क्रममा दृष्टिदोष पहिचान भएका ८३ बालबालिकालाई निःशुल्क चश्मा वितरण गरिएको नेत्रअधिकृत यादवले जानकारी दिनुभयो ।

उहाँका अनुसार शिविरले समयमै दृष्टिदोषको पहिचान र उपचारले बालबालिकाको अध्ययन तथा दैनिक जीवनमा सकारात्मक प्रभाव पार्नेछ। यस्तै डाक फाउन्डेसनको सहयोगमा यमुनामाई गाउँपालिका-४ स्थित जनता मावि, सरुअठा तथा मौलापुर नगरपालिकाअन्तर्गत पथराबुधराम क्षेत्रमा ज्येष्ठ नागरिक लक्षित बृहत् आँखा शिविर सञ्चालन गरिएको थियो। मौलापुरमा अस्पतालकी नेत्रअधिकृत विनीता केशरी, अशोक पासवान, अर्चना सिंह लगायत १२ सदस्यीय प्राविधिक टोलीले स्थानीयको आँखा परीक्षण गरेको थियो ।

शिविरमा ४२३ ज्येष्ठ नागरिकको आँखा परीक्षण, परामर्श तथा उपचार सेवा प्रदान गरेको अस्पतालकी नेत्रअधिकृत केशरीले जानकारी दिनुभयो ।

## सम्पादकीय ....

# युवा पलायन रोकिएला ?

जेनजी आन्दोलनको पृष्ठभूमि र त्यसपछिका राजनीतिक परिवर्तनमा अमेरिका हावी रहेकोमा चीन आशंकित र चिन्तित देखिन्छ। अमेरिकी स्वार्थमै नेपालले आफ्नो तिब्बत नीतिमा फरक धारणा बनाउला भन्ने हदसम्म सायद चीनले नसोचेको होला तर नेपालले समयमै यसलाई निराकरण गर्न आवश्यक छ। त्यस्तै, विकास साझेदारी र विविध क्षेत्रमा लगानीबारे स्पष्ट पार्ने अवसर हुन सक्छ।

नेपालले चीनविरुद्ध सम्झौता गर्दैन या रणनीतिक समीकरण बनाउँदैन भन्नेबारे बेइजिङलाई आश्वस्त गर्दै व्यावहारिक हिसाबले उपयुक्त परियोजनाको छनोट र सहकार्यमा उसको सहयोग र संलग्नता खोज्नु आवश्यक छ। मुलुकको आन्तरिक राजनीति स्पष्ट मार्गचित्रमा अघि नबढे पनि दुई छिमेकीलाई आफ्नो स्वतन्त्र हैसियत र सम्मानका साथ सहकार्यमा जुटाउने प्रयास नेपालको हितमा हुनेछ।

नेपालको धारणा या कुनै दुईपक्षीय सहमति या समझदारी भए-नभएकोबारे खासै केही खोलेनन् विगत २० वर्षयता हाम्रा नेताहरूले पहिलोपल्ट नेपालका परराष्ट्रमन्त्री शिशिर खनालको भ्रमणबारे अपेक्षित शैलीमा आधिकारिक भनाइहरू आएका छन्।

'गणतन्त्र नायक' पुष्पकमल दाहाल प्रचण्डले त संसदभित्र र बाहिर, अनि दिल्लीमा पनि नेपाल १२-बुँदेको 'स्पिरिट'अनुरूप नै अगाडि बढ्ने घोषणा पटक-पटक गरेका छन्। के हो त, १२ बुँदेको 'स्पिरिट' ? २००५ नोभेम्बरमा भारतको मध्यस्थतामा भएको १२-बुँदेमा कांग्रेस, एमालेलगायत सात 'प्रजातान्त्रिक' दलहरूले एक दशकसम्म संसदीय व्यवस्थाविरुद्ध हतियार उठाएका माओवादी नेतृत्वले त्यसको चार महिनापछि 'निरंकुश राजतन्त्रको अन्त्य' का लागि 'निर्णायक' आन्दोलन गर्ने प्रतिबद्धता पनि थियो।

'निरंकुश' राजतन्त्रको अन्त्य दुईअर्थी थियो। राजा ज्ञानेन्द्रसहित नेपालका कुनै पनि राजनीतिक शक्ति नेपालमा 'निरंकुश' राजतन्त्रको पक्षमा थिएनन् सिद्धान्ततः। राजा ज्ञानेन्द्रको माघ १९ को कदममा उनले 'तीन वर्ष' को समय मागेका थिए, माओवादीलाई निःशस्त्र पारी राज्यको आधिकारिकता स्थापित गर्न र प्रजातान्त्रिक पद्धति राजनीतिक दललाई सत्ता जिम्मा लगाउन। आतंकवाद र सशस्त्र द्वन्द्वमा फसेको मुलुकमा प्रजातन्त्र बच्न सक्दैन भन्ने मान्यता नेपालमा धेरैमा थियो।

०४७ को संविधानले राजालाई कुनै पनि अवस्थामा सत्ता हातमा लिने अधिकार दिएको थिएन भन्नेहरूको संख्या अत्यधिक ठूलो थियो। १२- बुँदेको घोषणाअनुसार ४ महिनामा आन्दोलन भयो, १९ औं दिनमा राजा ज्ञानेन्द्रले ती सात दलसँग प्रत्यक्ष र माओवादीसँग अप्रत्यक्ष सहमतिका आधारमा उनीहरूका (संयुक्त) नेता गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीको शपथ खुवाएर आफू संवैधानिक राजतन्त्रको हैसियतमा फर्किए।

१२- बुँदेमा उल्लिखित 'निरंकुश राजतन्त्र' को अन्त्य त्यसैदिन भइसकेको थियो। तर, सम्भवतः मध्यस्थकर्ता शक्तिमा त्यो 'दुई अर्थी' वाक्यांशमा खेल्ने प्रगाढ रणनीतिक इच्छा थियो। यसर्थ अहिलेको अवस्थामा छिमेकीहरुसंगको सम्बन्धलाई इतिहास हेरेर मात्रै ब्याख्या गर्नु सान्दर्भिक हुनेछ।

# विकास पर्खाइमा मुठाचौर

डम्मर बुढामगर

हरियाली आलु बारी। भखरै उम्रिँदै गरेका मकै। वरपर चारैतिर पालुवा पलाएपछि रमणिय बनेको छ, मुठाचौर। समुन्द्री सतहदेखि करिब तीन हजार मिटरको उचाइमा रहेको मुठाचौर बागलुङको उच्च स्थानमा रहेको बस्ती हो। प्राकृतिक सुन्दरताले भरिएको मुठाचौर विकासका हिसाबले भने ओझेलमै छ। तमानखोला गाउँपालिका-२ मा पर्ने यस गाउँमा अहिलेसम्म खानेपानी र विद्युत्को सुविधा पुगेको छैन। भौगोलिक विकटता र जटिल भूगोलका कारण सास्तीमा रहेका नागरिक वर्षौंदेखि विकासको आशमा छन्। परम्परागत खेतीपाती र पशुपालन गरेर जीविन चलाइरहेका स्थानीय आफ्नै सुरमा छन्।

तीन वर्ष अगाडि गाउँपालिकाले सडक सञ्जालले जोडे पनि अरु विकास हुन सकेको छैन। सडक पनि त्यति व्यवस्थित छैन। यसका कारण बेलाबेला दुर्घटना हुने गरेको छ। मुठाचौरलाई मौलिक बस्तीका रुपमा लिने गरिन्छ। यहाँ बनेका घर, भवन र अन्य संरचना पनि परम्परागत छन्। ढुङ्गा, माटो र खरले बनेका घर यहाँ पुग्ने जो कोहीलाई आकर्षक लाग्छ।

खासगरी घुम्ती बसाइँका रुपमा तमानखोला गाउँपालिका-२ भयरबोङ्गा, कटेरीलगायतका गाउँका स्थानीय यहाँ बस्ने गर्छन्। बाह्रै महिना बस्नका आधारभूत आवश्यक पूरा गर्न समस्या हुने हुँदा स्थानीय बर्खाको चार महिना मात्रै मुठाचौरमा बस्ने गर्छन्। यहाँ आलु, मकै, सिमी लगायतका खाद्यन्न राम्रो उत्पादन हुन्छ। तर बजारीकरण भने हुन सकेको छैन। वस्तुभाउ पाल्ने र समान्य जीवनयापन गर्दै आएका स्थानीयले विद्युत, खानेपानी र व्यवस्थित सडक हुने पर्ने माग गर्दै आएका छन्। मुठाचौरमा बाह्रै महिना बस्नका लागि राज्यले सुविधा दिनु पर्ने स्थानीय बेगबहादुर विकले बताउनुभयो। उत्पादनका हिसाबले मुठाचौर निकै उर्वर रहेको भन्दै यहाँ बस्नका लागि निकै उपयुक्त रहेको उहाँको भनाइ छ।

विकले भन्नुभयो, "यहाँ बसोबास गर्न थालेको धेरै वर्ष भयो, धेरैजसो गाउँले बर्खाको समयमा यहाँ बस्छन् तर विकास भने हुन सकेको छैन। मोटरबाटो आएको पनि धेरेल समय भएको छैन, बाह्रै महिना गाडी पनि चल्न सक्दैन, बर्खाको समय रासन पानी सबै मान्छेले बोकेर ल्याउनुपर्छ, यो मोटरबाटो राम्रो भए त उहिले जमानाको जस्तो सामान बोकेर ल्याउनुपर्ने थिएन।"

मुठाचौर उर्वर मात्रै छैन। प्राकृतिक सुन्दरताका हिसाबले पनि मनमोहक छ। मुठाचौरबाट उच्च पहाडी क्षेत्रसँग धौलागिरी, माछापुच्छ्रेलगायतका हिमश्रृङ्खला नजिकैबाट नियाल्न सकिन्छ। समय-समयमा आन्तरिक पर्यटक घुम्न आउने गर्छन् तर विद्युत्को सुविधा नहुँदा बास बस्न मान्दैनन्। अहिलेसम्म विद्युत्को सुविधा नहुँदा दियालो बालेर रात बिताउनुपर्ने बाध्यता रहेको स्थानीय देवीसरा सुनारले बताउनुभयो। बेंशी ( भयरबोङ, कटेरी गाउँ) झर्दा बिजुली बाल्ने बानी परेको भन्दै मुठाचौरमा अँध्यारोमा बस्दा गाहे हुने उहाँले गुनारो गर्नुभयो।

"यहाँ (मुठाचौर)मा मान्छे बस्न थालेको सयौँ वर्ष भयो तर पनि बिजुलीको सुविधा अहिलेसम्म आउन सकेको छैन, सरकारलाई बिजुली चाइयो भनेर माग त गरेका छौं, आउला भन्ने आश लागेको छ," सुनारले भन्नुभयो, "बिजुली नहुँदा रातिमा दियालो, टुकी बालेर रात कटाउँछौं, कहिलेकाहीँ घुम्न आउने मान्छे बास बस्न खोज्छन् तर बिजुली छैन भनेपछि फर्किन्छन्।"

स्थानीयवासी असारदेखि नै मुठाचौर जान सुरु गर्छन् भने असोज कात्तिक लाग्नासाथ गाउँ झर्ने गर्दछन्। मुठाचौरमा बस्ने समयमा उनीहरु पशु चौपाया पाल्ने, आलु, सिमी तथा लेकाली खाद्य बालीहरु उत्पादन गर्ने गर्दछन्। चैत र वैशाखमा लगाएको आलु यतिबेला एकोहोरो खन्ने चटारो छ। अहिले आलु खन्न मुठाचौर उक्लिएका कटेरी र भयरबोङ्गावासी अब जेठ अन्तिम साता वस्तुभाउ लिएर असोजसम्म उतै बस्ने गरी उक्लिन्छन्। वर्खामा आकासेपानीको भरमा बस्ने स्थानीयलाई हिउँद्मा खानेपानीको हाहाकार नै हुन्छ। यसका कारण बेंशी झर्नुपर्ने बाध्यता छन्। बर्खामा आकाशबाट आएको पानी भरेर उपभोग गर्नुपर्ने बाध्यता रहेको स्थानीय मैतादेवी रसाइलीले बताउनुभयो। आकासेपानी भरेर पिउँदा समय समयमा बिरामी पर्ने गरेको उहाँको भनाइ छ।

गाउँपालिकालाई खानेपानीको माग गरेको भन्दै केही समयमा घर-घरमा धारा बन्ने आश्वासन पाएको रसाइलीले सुनाउनुभयो। उहाँले भन्नुभयो, "हिउँदमा पानी नहुँदा कोही पनि यहाँ बस्दैनन्, वस्तुभाउलाई खुवाउने, खाना पकाउने, नुवाइधुवाइ र सरसफाइमा समस्या हुन्छ, पहिला पहिला बराह तालबाट पानी लिएर पनि खायौं, सरकारले यहाँको समस्या समाधान गरिदिए धेरैजसो मान्छे मुठाचौरमै बस्ने थिए, यहाँ बस्दा वस्तुभाउ पाल्न सजिलो हुने थियो।"

तमानखोला गाउँपालिका-२ का अध्यक्ष नारायण सुनारले यस क्षेत्रमा वर्षौंदेखि खानेपानी समस्या हुँदै आएको भन्दै त्यसको समाधानका लागि काम भइरहेको बताउनुभयो। विद्युत् विस्तारका लागि पोल गाड्ने काम भएको उहाँको भनाइ छ। वर्षौंदेखि अन्धकारमा बस्दै आएका स्थानीयवासीले अब केही समयमै विद्युत्को सुविधा पाउने अध्यक्ष सुनार बताउनुहुन्छ। "यस ठाउँमा ठूलो सङ्ख्यामा मानिसहरुको बसोबास हुन्छ, सडक थिएन, सडक आयो, अब विद्युत् र खानेपानीको काम पनि गरिरहेका छौं, भौगोलिक विकटताका कारण विकास छिटो हुन नसकेको हो" वडाध्यक्ष सुनारले भन्नुभयो, "अब केही समयपछि घर-घरमा खानेपानीको सुविधा हुनेछ भने विद्युतीकरण पनि हुनेछ, त्यसका लागि हामीहरु निरन्तर लागि रहेका छौं।"

### सडक पुगेपछि पलाउँदै नयाँ आशा

पर्यटक हिसाबले ठूलो सम्भावना बोकेको मुठाचौरमा सडक पुगेको तीन वर्ष मात्रै भयो। त्यस अगाडि स्थानीय बासिन्दाले दैनिक उपभोग्य वस्तु बोकेरै पुऱ्याउनुपर्ने बाध्यता थियो। हिउँदको समय सामान ढुवानी र यात्रा गर्न सहज भएपछि गाउँले खुसी छन्। सडक फराकिलो भए दुर्घटना कम हुने उनीहरुको अपेक्षा छ।

समय-समयमा हुने दुर्घटना रोक्न र बाह्रै महिना आवतजावतलाई सहजता बनाउन गाउँ पालिकाले सडक व्यवस्थित बनाउन जरुरी रहेको स्थानीय हिराबहादुर विकले बताउनुभयो। अहिले सञ्चालनमा रहेको सडक निकै साँघुरो र अप्ठ्यारो रहेको उहाँको भनाइ छ। साँघुरै भए पनि सडकले मुठाचौर जोडिएपछि गाउँलेलाई ठूलो राहत मिलेको उहाँ बताउनुहुन्छ।

भयरबोङ्गा, कटेरी, बोङ्गादोभानलगायतका क्षेत्रबाट सामान ढुवानी गर्दा पाँच/छ घण्टा लाग्ने उहाँको भनाइ छ। "गाउँमा सडक आउँदा निकै खुसी छौं, हाम्रा बाउबाजेले कति दुःख पाए, हाम्रो पनि आधा उमेर गयो तर अहिले सडक आउँदा सुविधा भएको छ," विकले भन्नुभयो, "हामीहरुले जति दुःख पाउनु पायौं, हाम्रा छोराछोरीले त्यति दुःख पाउने छैनन्, ढिलै भए पनि विकास आउन थालेको छ, अबको केही वर्षमा मुठाचौरमै बाह्रै महिना बसोबास समेत हुनेछ।"

स्थानीय कल्पना छन्त्यालले सडक व्यवस्थित भएपछि मुठाचौरमा उत्पादन हुने वस्तु बजारीकरणका लागि सहज हुने बताउनुभयो।

यस क्षेत्रका सयौं क्वीन्टल आलु उत्पादन भए पनि अहिलेसम्म बजार नपाएको भन्दै अब व्यापारी गाडी लिएर बारीमै पुग्ने सम्भावना बढेको उहाँको भनाइ छ।

उत्पादनमा हिसाबले मुठाचौर उर्बर रहेको हुँदा आधुनिक कृषि प्रणालीलाई अपनाएर खेती गरे गाउँलेको जीवनस्तर उकासिने छन्त्याल बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "अहिलेसम्म यो ठाउँका मान्छेहरुले परम्परागत खेती किसानी गरेर जीवन धान्दै आउनु भएको छ, अब खेती प्रणालीलाई आधुनिकतासँग जोड्न जरुरी छ, स्थानीय सरकारले अब यहाँका हरेक किसानलाई व्यवसायी बनाउन जरुरी छ, यस क्षेत्रका हरेक किसान व्यवसायिक बने भने यहाँ उत्पादन भएको तरकारी, मासुले तमानखोलालाई आत्मनिर्भर बनाउन सक्छ, यसतर्फ गाउँपालिकाले ध्यान दिन जरुरी छ।"

### मौलिकता जोगाइ राख्ने प्रयास

तमानखोला गाउँपालिकाले मुठाचौरको मौलिकतालाई जोगाइराख्ने योजनामा छ। आधुनिकताले ग्रामीण क्षेत्रको मौलिकता मासिरहेको बेला यस गाउँलाई पुरानै स्वरुपमा संरक्षण गर्ने गरी योजना बनाएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताउनुभयो। मुठाचौरको मौलिकताले सिङ्गो ग्रामीण क्षेत्रको झल्को दिने हुँदा यसलाई मौलिकताकै रुपमा विकास गरिने अध्यक्ष बुढामगर बताउनुहुन्छ।

"मुठाचौरको हावापानी निकै स्वच्छ छ, यहाँका घर र बस्तीले वास्तवमै मौलिकता बोकेका छन्, यहाँको जस्तो घर अरु ठाउँमा भेट्याउन मुस्किल पर्छ, यहाँ हुने जैविक उत्पादन र स्थानीय नागरिकको रहनसहन धेरैले सिक्न जरुरी छ" अध्यक्ष बुढा मगरले भन्नुभयो, "मुठाचौरवासीको जस्तो जीवनशैली अरुको हुने हो भने धेरै रोगबाट बच्न सकिन्छ, किनकी यो ठाउँ विषादीमुक्त छ, सबै चिज अर्गानिक छ, त्यही हो विकासका हिसाबले अलि पछाडि छ र समस्या हो तर हामीले विस्तारै विकासले जोड्दै गएका छौं।"

अध्यक्ष बुढामगरले गाउँपालिकाभित्रका अन्य गाउँको सुन्दरता बिग्रिने हुँदा नयाँ घर भवन बनाउँदा मौलिकतालाई ध्यान दिनुपर्ने बताउनुभयो। त्यसका लागि गाउँपालिकाले कार्यविधि बनाएर कार्यान्वयन गर्न थालेको उहाँको भनाइ छ।

जिल्ला सदरमुकामदेखि करिब ११५ किलोमिटर पश्चिममा पर्ने तमानखोला अहिले पनि विकट पालिकाको रुपमा रहेको छ।

## अनलाइन ठगी हुनबाट बचौं

- अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।
- अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।
- बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,
- अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,
- अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।

नेपाल सरकार,
विज्ञापन वोर्ड

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# काठमाडौँका फोहोरपानी प्रशोधन केन्द्र चाँडै सञ्चालनमा ल्याइँदै

काठमाडौं । काठमाडौं उपत्यकाका विभिन्न स्थानमा निर्माण सम्पन्न भएका फोहोरपानी प्रशोधन केन्द्र चाँडै सञ्चालनमा ल्याइने भएको छ ।

यसबाट नदी तथा खोलामा मिसिने दूषित पानीको मात्रा घट्ने र वातावरणीय प्रदूषण नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी)ले धोबीखोला, गुह्येश्वरी र कोड्कुलगायतका क्षेत्रमा फोहोरपानी प्रशोधन केन्द्र निर्माण गरिरहेको छ ।

शुक्रबार पूर्वाधार विकास मन्त्रालय, पीआईडी तथा एसियाली विकास बैङ्क (एडीबी)का प्रतिनिधिले गुह्येश्वरी र धोबीखोलामा निर्माण भएका प्रशोधन केन्द्रको संयुक्त अनुगमन तथा निरीक्षण गर्नु भएको छ । गुहेश्वरी फोहरपानी प्रसोधन केन्द्र प्रतिदिन तीन करोड २५ लाख लिटर फोहर पानी प्रसोधन गर्न सक्ने क्षमताको निर्माण गरिएको जनाइएको छ । अनुगमन टोलीमा पूर्वाधार विकास सचिव विश्वबाबु पुडासैनी, पीआईडी प्रमुख इन्जिनियर रामकुमार श्रेष्ठ, एडीबीका नेपाल देशीय सञ्चालन प्रमुख अर्नाउड हेकम्यान तथा अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मालगायत सहभागी रहनु भएको थियो । अनुगमन निरीक्षणको क्रममा सचिव पुडासैनीले निर्माण सम्पन्न भइसकेका प्रशोधन केन्द्रलाई यथाशीघ्र सञ्चालनमा ल्याउन सम्बन्धित निकाय लाई निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो, "काठमाडौँका केही क्षेत्रमा निर्माण सम्पन्न भएका फोहोरपानी प्रशोधन केन्द्र अब चाँडै सञ्चालनमा ल्याउन आवश्यक छ ।" त्यसैगरी, पीआईडी प्रमुख इन्जिनियर रामकुमार श्रेष्ठले धोबीघाट र गुह्येश्वरीमा निर्माण गरिएका प्रशोधन केन्द्र सञ्चालनको अन्तिम तयारी भइरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "काठमाडौँका नागरिकलाई दूषित पानीबाट हुने स्वास्थ्य जोखिमबाट जोगाउन एडीबीको सहयोगमा यी प्रशोधन केन्द्र निर्माण गरिएको हो । केही आयोजना सम्पन्न भइसकेका छन् र अब चाँडै सञ्चालनमा ल्याइनेछ ।" यी प्रशोधन केन्द्र सञ्चालनमा आएपछि बागमती तथा यसका सहायक नदीमा प्रत्यक्ष रूपमा मिसिने फोहोरपानीको मात्रा घट्ने, नदीको पानीको गुणस्तर सुधार हुने तथा वातावरण संरक्षणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# सामुदायिक वनलाई रुद्राक्ष पकेट क्षेत्र बनाइदै

डुम्रे । तनहुँको शुक्लागण्डकी नगरपालिका-१० स्थित मालागिरी सामुदायिक वन र करादिन सामुदायिक वनमा रुद्राक्ष पकेट क्षेत्र बनाइने भएको छ । अनुसन्धानको क्रममा रुद्राक्ष उत्पादनको लागि उपयुक्त वातावरण देखिएपछि यस स्थानका दुई सामुदायिक वनमा रुद्राक्ष रोपण गरिने भएको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ ।

यहाँको दुई सामुदायिक वनको तीन हेक्टर क्षेत्रफलमा पकेट क्षेत्रको रूपमा विकास गर्दै रुद्राक्ष रोपण गर्न लागिएको प्रमुख डिभिजन वन अधिकृत मनोज रानाभाटले जानकारी दिनुभयो । "ठूलो परिमाणमा तनहुँमा पहिलो पटक रुद्राक्ष रोपण गर्न लागिएको हो", उहाँले भन्नुभयो, "यस क्षेत्रको मागका साथै उत्पादन राम्रो हुने भएपछि पकेट क्षेत्रको रूपमा विकास गर्ने योजना बनाइएको छ ।"

ती दुई सामुदायिक वनमा तीन हजार रुद्राक्षका बिरुवा रोपण गर्ने तयारी भइरहेको प्रमुख डिभिजन वन अधिकृत रानाभाटले बताउनुभयो । उहाँले भन्नुभयो, "रुद्राक्षको पकेट क्षेत्रको रूपमा विकास गर्दै उक्त सामुदायिक वनलाई धार्मिक वन बनाउने लक्ष्य पनि हो । हिन्दु धार्मालम्बीका लागि महत्वपूर्ण र यसबाट सामुदायिक वनले आयस्तर बढाउन सक्ने अवस्था बन्नेछ ।"

जिल्लाका पहाडी भेगका सामुदायिक वनमा विगत केही वर्षयता परीक्षणका रूपमा रोपण गरिएको रुद्राक्ष सफल भएपछि योजनाबद्ध रूपमा विस्तारित गर्न लागिएको वन अधिकृत अरुण पराजुलीले बताउनुभयो । "प्रारम्भिक चरणमा दुवै वनमा रुद्राक्ष खेती विस्तार गर्ने लक्ष्य लिइएको छ भने क्रमशः अन्य वन उपयोगकर्ता समूहमा समेत कार्यक्रम लैजान तयारी भइरहेको छ", उहाँले भन्नुभयो । पूर्वी पहाडी जिल्लाबाट बिरुवा ल्याएर यहाँको वनमा रोपण गरिने उहाँले जानकारी दिनुभयो ।

सामुदायिक वन उपभोक्ताका अनुसार रुद्राक्ष खेतीबाट वन संरक्षण र स्थानीय रूपमा आम्दानी दुवै बढ्ने अपेक्षा गरिएको डिभिजन वन कार्यालयले जनाएको छ । परम्परागत रूपमा दाउरा र घाँसमा निर्भर रहँदै आएको सामुदायिक वन व्यवस्थापनलाई अब आयमूलक वन उपज उत्पादनतर्फ मोड्न रुद्राक्ष सहायक बन्ने उपभोक्ताको अपेक्षा छ । रुद्राक्षको वृक्षले घना छायाँ र माटोको क्षय नियन्त्रणमा सहयोग गर्ने भएकाले सामुदायिक वन क्षेत्रको वातावरणीय सुधारमा समेत सकारात्मक प्रभाव पर्ने प्राविधिकले बताएका छन् । वन क्षेत्रभित्र नै रुद्राक्ष खेती विकास गर्न सकिने भएकाले जग्गा व्यवस्थापनमा चुनौती नरहने पराजुलीले बताउनुभयो । प्रारम्भिक वर्षमा सिँचाइ, मल तथा संरक्षणमा ध्यान दिनुपर्ने वन डिभिजन कार्यालयले जनाएको छ ।

स्थानीय तहले धार्मिक क्षेत्रमा रुद्राक्ष रोपण गर्दै आए पनि डिभिजन वन कार्यालयले पहिलो पटक ठूलो परिमाणमा रुद्राक्ष रोपणलाई प्राथमिकता दिएको छ । केही पालिकाले सामुदायिक वनमा नयाँ बिरुवा रोपिरहेका उपभोक्ता समूहलाई प्रोत्साहन, प्राविधिक तालिम र नर्सरी विकासका लागि तालिम दिने लक्ष्य रहेको कार्यालयले जनाएको छ ।

हिन्दू धर्ममा पवित्र मानिने रुद्राक्षलाई भगवान शिवको प्रतिकका रूपमा लिइन्छ । यसको धार्मिक, आध्यात्मिक तथा स्वास्थ्यसम्बन्धी विभिन्न उपयोगिता रहेको विश्वास गरिन्छ । धार्मिक तथा आध्यात्मिक रूपमा माला बनाएर मन्त्र जप गर्न प्रयोग गरिन्छ । धार्मिक रूपमा मनलाई शान्त र एकाग्र बनाउन सहयोग गर्ने विश्वास छ । तनाव, चिन्ता र मानसिक अशान्ति कम गर्न मद्दत गर्ने विश्वास छ । आत्मविश्वास र सकारात्मक सोच बढाउन यसको उपयोगले सहयोग पुग्ने र स्मरण शक्ति सुधार गर्न प्रयोग गरिएको पाइन्छ ।

रक्तचाप (ब्लड प्रेसर) सन्तुलित राख्न सहयोग गर्ने परम्परागत विश्वास छ भने मुटुसम्बन्धी स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने र शरीरमा ऊर्जा सन्तुलन कायम राख्न मद्दत गर्ने विश्वास गरिन्छ । सांस्कृतिक तथा आर्थिक रूपमा नेपालको विशेषगरी पूर्वी पहाडी क्षेत्रमा रुद्राक्षको उत्पादन हुने भएकाले यसको आर्थिक महत्व रहेको छ ।

# सहकारीद्वारा विद्युतीय चार्जिङ स्टेसन सञ्चालनमा

चितवन । जिल्ला सहकारी सङ्घ चितवनले साझा विद्युतीय सवारी साधन (इभी) चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको छ । पेट्रोलपम्प सञ्चालन गर्दै आएको सङ्घले चारवटा चार्जिङ उपकरणबाट आठ वटा गाडी चार्ज गर्ने गरी स्टेसन सञ्चालनमा ल्याएको हो ।

भरतपुर महानगरपालिका-१० मा रहेको आफ्नै परिसरमा चार्जिङ स्टेसन स्थापना गरिएको हो । सङ्घका व्यवस्थापक विनोद खतिवडाका अनुसार रु एक करोड ५० लाखको लागतमा चार वटा सेन्टरमा आठ वटा गाडी एक पटकमा चार्ज गर्न सकिने गरि विद्युतीय चार्जिङ उपकरण जडान गरिएको हो । १२० किलोवाटको क्षमता भएका उपकरण जडान गरिएका छन् । उहाँका अनुसार यी सेन्टरबाट छिटो चार्ज गर्न सकिने छ । तोरीको तेल पेलेर बेच्दै आएको सङ्घले साझा पेट्रोलपम्प सञ्चालन गरेको थियो । डिजल पेट्रोलमा दैनिक रु ४० लाखको कारोबार हुने गरेको र तोरीको तेल मासिक ६ हजार लिटर खपत हुँदै आएको छ । यससँगै सेवाग्राहीलाई सुविधा दिने उद्देश्यले चार्जिङ स्टेसन स्थापना गरिएको उहाँले बताउनुभयो । सङ्घले अहिले ३० जना कर्मचारीलाई प्रत्यक्ष रोजगार दिँदै आएको छ ।

विद्युतीय सवारीसाधन (इभी)को प्रयोगसँगै जिल्लामा चार्जिङ स्टेसन खुल्ने क्रम बढेको हो । नेपाल विद्युत् प्राधिकरणले भरतपुरको केन्द्रीय बसपार्कमा चार सवारीसाधनले एकै पटक चार्ज गर्न सक्ने गरी चार्जिङ स्टेसन स्थापना गरेको थियो । त्यसलगत्तै प्राधिकरणले मुग्लिङमा अर्को चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको थियो । अहिले बसपार्कमा उपकरण थप गरी १२ पुऱ्याईएको छ । एउटाले काम गरेको छैन भने बाँकी ११ वटामा २२ वटा गाडी चार्ज गर्न सकिने प्राधिकरणले जनाएको छ । यसबाहेक निजीस्तरबाट व्यावसायिक रूपमा विभिन्न स्थानमा ३१ स्टेसन सञ्चालनमा आएका छन् ।

नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका इन्जिनियर मिलन सापकोटाका अनुसार प्राधिकरणका दुई स्थानमा र नीजि क्षेत्रका ३१ स्थानमा स्टेसन सञ्चालनमा ल्याइएको छ । यीबाहेक होटेल, रेस्टुरेन्टमा आफ्ना ग्राहकलाई सेवा दिने गरी चार्जिङ स्टेसन राख्नेहरू धेरै छन् ।

# इतिहास खोज्दाखोज्दै बन्यो दरबार

पाँचथर । पाँचथरको हिलिहाङ गाउँपालिका-४ हस्तपुरमा हरियाली जङ्गलबीच भव्य संरचना निर्माण भएको छ । यहाँ पुग्ने नयाँ पर्यटकलाई यो पक्कै पनि अनौठो लाग्छ । कटुस, काफल र निगालोको घनाजङ्गल, चराको आवाज र प्रकृतिको सुवासले मन्त्रमुग्ध यही ठाउँ इतिहास, पुरातत्व र धार्मिक विश्वासले पनि उस्तै विशिष्ट छ । यही विशिष्टता खोज्दाखोज्दै यहाँ आकर्षक संरचना पनि बनेका हुन् ।

यो स्थानका तत्कालीन लिम्बुवान का अन्तिम राजा हिलिहाङले शासन चलाएको हिलिहाङ दरबार क्षेत्र हो । विसं १८४२ सालसम्म हिलिहाङले यहाँबाट तत्कालीन विजयपुर राज्यअन्तर्गतको याङरुप भनिने याङवरक थुममा शासन गरेको इतिहास छ । तत्कालीनराजा हिलिहाङको दरवार उहाँको आकस्मिक मृत्युपछि संरक्षण हुन नसक्दा भत्किएर गएको थियो । यही स्थानमा हिलिहाङ गाउँपालिकाले प्यागोडा शैलीको दरबार, सङ्ग्रहालयलगायत संरचना निर्माण गरेपछि पर्यटकको आकर्षण बनेको छ । धार्मिक, ऐतिहासिक र पुरातात्विक दृष्टिले महत्वपूर्ण हिलिहाङ दरबार क्षेत्रमा निर्मित पूर्वाधार पनि पर्यटन प्रवर्द्धनको माध्यम बनेको हो । यहाँ प्यागोडा शैलीको तीन तले दरबार निर्माण भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय र हिलिहाङ गाउँपालिकाको साझेदारीमा रु. दुई करोड ५१ लाख ६८ हजारको लागतमा दरबार निर्माणकार्य सम्पन्न चएको हो । मन्त्रालयको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत लागतमा दरबारका संरचना भगवती बौद्ध जेभी इलामले निर्माण गरेको हो । दरबारमा अवलोकनका अन्य सामग्री नभएपनि यसको आकर्षक बनौट, यहाँको भूगोल र इतिहास प्रतिको चासोले पर्यटकलाई आकर्षित गर्ने गरेको छ ।

यहाँ पुग्ने पर्यटकले तत्कालीनराजा हिलिहाङको समयका बैठक स्थल, राजसभास्थल, पर्खाल, दरबारमा प्रयोग भएका इटा, खड्पललगायत संरचनाको अवलोकन गर्न पाउँछन । यस्तै राजा हिलिहाङले शक्ति प्राप्त गर्ने गरेको विश्वास गरिने महारानी शक्तिपीठको दर्शन गर्ने प्रचलन रहिआएको छ ।

स्थानीय तह पुनर्संरचनाका क्रममा साविकका भारपा, सुभाङ, पञ्चमी र अमरपुरलाई जोडेर हिलिहाङ गाउँपालिका बनाइएपछि राजा हिलिहाङ तथा उहाँको दरबारबारे चासो बढेर गएको थियो । हिलिहाङ फाउण्डेसनले मेची राजमार्गको याङवरक गाउँपालिका-६ नागीमा प्रवेशद्वार निर्माण गर्नुका साथै हिलिहाङ दरबार अगाडि सालिक निर्माण गरेको छ । हिलिहाङ गाउँपालिकाले हिलिहाङ महोत्सव आयोजना गरी यो स्थानको प्रचार थालेको थियो । कोशी प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाले सङ्ग्रहालय गरिसकेको छ । पुरातत्व विभागले हिलिहाङ दरबार क्षेत्रको पुरातात्विक सम्पदाबारे खोजी गरिरहेको छ ।

समुन्द्र सतहबाट एक हजार ८२० मिटर उचाइमा अवस्थित हिलिहाङ दरबार क्षेत्र जङ्गलबीचमा अवस्थित छ । शान्त, एकान्त र सुन्दर हरियालीमा अवस्थित यस पर्यटकीय क्षेत्रसम्म गाउँपालिकाले सडक विस्तार गरेपछि पर्यटकको आवागमन पनि सहज भएको छ । हिलिहाङ गाउँपालिकाले पाँच वर्ष अघिदेखि राजा हिलिहाङको जन्मोत्सव मनाउन थालेको छ । हिलिहाङ गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीका अनुसार हिलिहाङ दरबार क्षेत्रलाई पर्यटकको आकर्षण बनाउने, हिलिहाङ राजाको शासन कालका सामग्री सङ्कलन गरी सङ्ग्रहालयमा राख्ने प्रयास भइरहेको छ । हिलिहाङ दरबार क्षेत्रसँगै जोडिएको भोटेगढीलगायत पर्यटकीय क्षेत्रमा पर्यटन पूर्वाधार विकास र प्रचारप्रसार बढाउन गाउँपालिकाले लगानी गरिरहेको अधिकारीको भनाइ छ ।

नेपाल एकीकरणका क्रममा तत्कालीन गोरखा फौजसँग हिलिहाङको फौज १७ पटकसम्म अपराजित रहेको विश्वास गरिन्छ । तर, विसं १८३१ साउन २२ गते राजा हिलिहाङले नेपाल एकीकरण अभियानलाई सहजीकरण गर्दै याङवरक थुम (जिल्ला)लाई नेपाल मातहत राखी स्वशासनको अधिकार लिएको इतिहास छ । विसं १८४२ मा हिलिहाङको अकस्मात मृत्यु भएपछि याङवरक थुम पूर्णतः नेपाल मातहतमा गाभियो ।

यही आधारमा हिलिहाङलाई लिम्बुवानका अन्तिम राजा भन्ने गरिन्छ । पराक्रमी मानिने राजा हिलिहाङ निधनपछि उहाँसँग रुष्ट पक्षहरुले दरबार र राज्यसत्तामा दखल दिएका कारण दरबारको संरक्षण हुन नसक्दा भत्किएको थियो । राजा हिलिहाङको दरबारमा प्रयोग भएका ईँटा र सो समयमा लगाइएका पर्खाल अझैपनि दरबार परिसरमा रहेका छन । यसरी इतिहासको खोजी गर्दागर्दै दरबारका संरचना निर्माण भएपछि नेपाल एकीकरण, राष्ट्रिय एकता र इतिहासको गर्जनामा ठूलो मद्दत पुगेको यस क्षेत्रका अग्रज कृष्णबहादुर योङहाङको भनाइ छ ।

# वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशीलता तालिम

तेह्रथुम । म्याङलुङ नगरपालिकाले राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत वैदेशिक रोजगारीबाट फर्किएका युवालाई पाँचदिने उद्यमशीलता तालिम प्रदान गरेको छ ।

यही जेठ २६ देखि ३० गतेसम्म सञ्चालन भएको तालिममा नगरपालिका भित्रका २५ जना वैदेशिक रोजगारीबाट फर्किएका युवाको सहभागिता रहेको म्याङलुङ नगरपालिकाका रोजगार संयोजक अनिल नेपालले जानकारी दिनुभयो । उहाँका अनुसार तालिममा उद्यम सञ्चालन गर्ने तरिका, लगानी व्यवस्थापन, वित्तीय साक्षरता तथा बैङ्कि ऋणसम्बन्धी जानकारीका साथै मनोसामाजिक परामर्शसमेत प्रदान गरिएको थियो ।

वैदेशिक रोजगारीबाट फर्किएका युवाले स्वदेशमै व्यवसाय सञ्चालन गरी स्वरोजगार बन्न सकून् भन्ने उद्देश्यले तालिम सञ्चालन गरिएको नगरप्रमुख सञ्जयकुमार तुम्बाहाङ्फेले बताउनुभयो ।

म्याङलुङ नगरपालिका रोजगार, सीप तथा उद्यमशीलता केन्द्र तेह्रथुमले आयोजना गरेको तालिममा म्याङलुङ नगरपालिकाका सामाजिक विकास अधिकृत जगदीश सुवेदी, मनोसामाजिक परामर्शदाता पुनम भण्डारी, उद्यम विकास सहजकर्ता विनोद भण्डारी तथा नबिल बैङ्क लिमिटेड म्याङलुङ शाखाका शाखा प्रबन्धक भरत भारतीले सहजीकरण गर्नुभएको थियो ।

तालिममा सहभागी म्याङलुङ-९ का सन्तोष लिम्बूले वैदेशिक रोजगारीबाट फर्किएपछि आफूले सिकेको सीपलाई उद्यममा रूपान्तरण गर्ने विषयमा उपयोगी जानकारी प्राप्त भएको बताउनुभयो । ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताका रूपमा कार्यरत लिम्बूले तालिमले आफ्नो पेसालाई व्यावसायिक रूपमा विस्तार गर्न सहयोग पुगेको धारणा व्यक्त गर्नुभयो ।

यस्तै, म्याङलुङ-१ का बखत दाहालले १८ वर्ष वैदेशिक रोजगारीमा बिताएपछि स्वदेश फर्किएको उल्लेख गर्दै तालिमबाट रोजगार सिर्जना, लगानी व्यवस्थापन, बैङ्कि प्रक्रिया तथा मनोसामाजिक पक्षबारे महत्वपूर्ण जानकारी प्राप्त भएको बताउनुभयो । उहाँले तालिमले आफ्नै ठाउँमा व्यवसाय सञ्चालन गर्न प्रेरणा मिलेको सुनाउनुभयो । नगरपालिकाले रोजगारमूलक सीप विकासका लागि अहिले ब्युटिसियन, बारिस्टा, हाते ट्याक्टर मर्मत, ड्राइभिङ र कुकसम्बन्धी तालिमसमेत सञ्चालन गरिरहेको रोजगार संयोजक नेपालले जानकारी दिनुभयो ।

# गाउँपालिकाले बनाइदियो भेडापालक किसानलाई खोर

प्रत्यूष समाचारदाता

ढोरपाटन । निसीखोला गाउँपालिकाका अधिकांश किसान परम्परागत रुपमा भेडापालन गर्दै आएका छन् । एउटै परिवारले सयौंको सङ्ख्यामा भेडापालन गरे पनि व्यावसायिक बन्न सकेका छैनन् । किसानलाई व्यावसायिक बनाउन निसीखोला गाउँपालिकाले आधुनिकतासँग जोड्न थालेको छ । चालु आर्थिक वर्षमा भेडापालक किसानका लागि पालिकाले आधुनिक खोर बनाइदिएको छ ।

किसानले भेडालाई खोरमा नभई आकाशमुनि खुला छाड्ने गर्थे । खुला छाड्दा चिसोले मर्ने, विभिन्न रोग लाग्ने र चोरी हुने हुँदा किसानले नोक्सानी भोग्दै आएका थिए । यस वर्ष गाउँपालिकाले किसानका लागि आधुनिक खोर निर्माण, खानेपानीको व्यवस्थापन, औषधि खरिद र भेडाको बच्चा खरिदका लागि चालु आवमा रु एक करोड १२ लाख विनियोजन गरेको थियो । खोर निर्माण, खानेपानी र औषधि खरिदका लागि ठेक्का प्रक्रियामार्फत काम भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुन मगरले जानकारी दिनुभयो । भेडाका बच्चा खरिदका लागि दुईपटकसम्म ठेक्का आह्वान गरे पनि कसैले दरखास्त नदिँदा काम रोकिएको उहाँको भनाइ छ ।

खोर र खानेपानी निर्माणका लागि रु ६२ लाख ९४ हजार ७५९ मा ठेक्का लगाई धमाधम काम भएको भन्दै रु १२ लाखमा औषधि खरिदसमेत भइसकेको प्रमुख प्रशासकीय अधिकृत पुन बताउनुहुन्छ । खोर निर्माण र खानेपानीका लागि २०८३ जेठ ६ मा टिएएस इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सनले जिम्मा पाएको उहाँको भनाइ छ । सम्पूर्ण काम असार मसान्तमा सकिनुपर्ने पुनले बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत पुनले भन्नुभयो, "निसीखोलामा धेरै किसान पशुपालनमा आबद्ध हुनुहुन्छ, त्यसमध्ये वडा नं ५ र ६ का अधिकांश स्थानीय भेडापालन गर्दै आउनुभएको छ, उहाँहरूलाई व्यावसायिक बनाउन गाउँपालिकाले यस वर्षदेखि सानो प्रयास गरेको हो, खानेपानी व्यवस्थापन र खोर निर्माण भएका छन्, अब अरु काम पनि गाउँपालिकाले गर्ने योजनामा छ ।" टिएएस इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सनका सञ्चालक रेशम अर्यालका अनुसार हालसम्म २२ वटा आधुनिक खोर निर्माण भइसकेका छन् भने खानेपानीको काम पनि अन्तिम चरणमा पुगेको छ ।

काठ, जस्तापाता र फलामको पोल प्रयोग गरेर खोर निर्माण गरिएको हो । सम्झौता भएको एक महिना नबित्दै ८५ प्रतिशत बढी काम सकिएको उहाँले बताउनुभयो । गोठालालाई पायक पर्नेगरी निसीखोला-६ कोस्का र चोरबासमा खानेपानी व्यवस्थापनका लागि पाइप बिछ्याउने काम भइरहेको उहाँको भनाइ छ । निसीखोला गाउँपालिका-६ का किसान भागीलाल घर्ती मगरले स्थानीय सरकारले किसानको समस्या समाधान गर्न थालेको बताउनुभयो ।

भेडाबाखालाई विगतदेखि नै लेकमै पुगेर खोप दिने गरे पनि यसपालि खोर र खानेपानीको सुविधा दिएको उहाँको भनाइ छ । एउटा खोर बनाउँदा किसानको रु चार-पाँच लाख खर्च हुने भन्दै गाउँपालिकाले अनुदानमा बनाइदिएको भन्दै खुसी व्यक्त गर्नुभयो ।

# विद्यालयमा महिनावारी आराम कक्ष स्थापना

मान्म । कालीकोट जिल्लाको रास्कोट नगरपालिकामा सामुदायिक विद्यालयमा 'महिनावारी आराम कक्ष' स्थापना गरिएको छ । नगरपालिकाका चार माध्यमिक विद्यालय र ६ वटा आधारभूत विद्यालयमा महिनावारी आराम कक्ष स्थापना गरिएको हो ।

महिनावारीको समयमा तथा बिरामी हुँदा छात्राहरूलाई विद्यालय नियमित रुपमा जानका लागि महिनावारी आराम कक्षको स्थापना गरिएको हो । विद्यालयमा महिनावारी आराम कक्ष स्थापना भएपछि नियमित स्कुल जानका लागि सहज भएको बडिमालिका माध्यमिक विद्यालय रास्कोटका कक्षा ९ मा अध्यायनरत छात्रा कल्पना शाहीले बताउनुभयो ।

"महिनावारी भएका बेला हरेक महिना पाँच दिन विद्यालय जान असहज हुने गरेको थियो", उहाँले भन्नुभयो, "विद्यालयमा पढ्दै गर्दा पेट दुख्ने, रिङ्टा लाग्ने हुन्थ्यो । अहिले विद्यालयमै महिनावारी आराम कक्ष स्थापना भएपछि नियमित पढ्न जान थालेकी छु ।"

विद्यालयको महिनावारी आराम कक्षमा आवश्यक स्यानेटरी प्याड, सफा पानी, प्राथमिक उपचार साम्रगी, आराम गर्ने बेड तथा सरसफाइका साम्रगी व्यवस्था हुँदा स्वास्थ्यमा सहज र नियमित स्कुलमा छात्राको उपस्थित हुने गरेको बडिमालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक पुष्पराज बरालले जानकारी दिनुभयो ।

"किशोरी विद्यार्थीलाई महिनावारी भएको समयमा सहज वातावरण प्रदान गर्न विद्यालयमै महिनावारी आराम कक्ष स्थापना गरिएको हो", उहाँले भन्नुभयो, "महिनावारीका बेला हुने शारीरिक असहजता, पेट दुख्ने, कमजोरी तथा मानसिक तनावलाई मध्यनजर गर्दै विद्यालयमा आराम कक्ष सञ्चालनमा ल्याउँदा अहिले किशोरीहरू नियमित पढ्न आउन थालेका छन् ।" नगरकापालिकाका चारवटा माध्यमिक र छवटा आधारभूत विद्यालयमा महिनावारी आरम कक्ष स्थापना गरिएको रास्कोट महिनावारी स्वास्थ्य र खानेपानी तथा सरसफाइ स्वच्छता सुधार परियोजनाका संयोजक सूर्यबहादुर रोकायाले बताउनुभयो । उहाँले यसबाट किशोरीहरूलाई विद्यालयमा नियमित पढाइमा सहभागी हुन सहयोग पुगेको जानकारी दिनुभयो । विद्यालयमा सुरक्षित र मैत्रीपूर्ण वातावरण निर्माण गर्न यस्तो पहल प्रभावकारी बनेको रास्कोट नगरपालिका नगरप्रमुख धर्मराज शाहीले बताउनुभयो ।

# प्राज्ञिक अनुसन्धानले सुशासन र पारदर्शितामा सघाउँछ

प्रत्यूष समाचारदाता

काठमाडौं । अनुसन्धान क्षेत्रका विज्ञहरूले प्राज्ञिक अनुसन्धानले देशको शैक्षिक विकासका अतिरिक्त मुलुकको बृहत्तर क्षेत्रको दिगो विकासका साथै सुशासन र पारदर्शीताको स्थापनामा समेत सहयोग पुर्‍याउने बताएका छन् । उनीहरुले वैज्ञानिक विधि अपनाएर गरिएका यस्ता अनुसन्धानहरुबाट प्राप्त निष्कर्ष एवं सुझावहरुले नीतिनिर्माण, योजना तर्जुमा र विकासका कार्यक्रमहरू निर्माण तथा सञ्चालन गर्न सहयोग पुग्ने धारणा राखेका हुन् ।

नेपाल फिलोसफिकल रिसर्च सेन्टर (एनपिआरसी) र अनुसन्धानदाता समाजद्वारा भक्तपुरमा आयोजित अनुसन्धानदाताहरुको दुईदिने दोस्रो राष्ट्रिय सम्मेलनको समापनका अवसरमा आइतबार धारणा राख्दै उनीहरुले शिक्षा, स्वास्थ्य, कृषि, समाज, राज्यको सेवा प्रवाहको आवश्यकता र अवस्था, प्रविधि, वातावरण लगायतका कैयौं क्षेत्रमा गरिने अनुसन्धानले विद्यमान समस्याको पहिचान गरी समाधानका नयाँ उपाय सुझाउने हुन् ।

यसले राज्यका सरकारी निकाय, निजी क्षेत्र तथा सबै सरोकारवालाहरूलाई सही नीतिनिर्माण गर्न, आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन गर्न र निर्णय लिन सहयोग पुग्ने धारणा राख्दै यस्ता प्राज्ञिक अनुसन्धानहरुलाई राज्यको सम्पत्तिका रुपमा लिन र आवश्यकता अनुसार तिनको कार्यान्वयनको वातावरण बनाउन आग्रह पनि गरे ।

वैज्ञानिक र तथ्यमा आधारित अनुसन्धानलाई प्राथमिकता दिन सकिएमा देशको आर्थिक तथा सामाजिक विकासले थप गति लिने भएकाले विश्वविद्यालय हरुमा अनुसन्धानमैत्री वातावरण निर्माण गर्नुपर्ने सुझाव उनीहरुको थियो ।

वैज्ञानिक तवरबाट गरिएका प्राज्ञिक अनुसन्धानहरुले मुलुकको शैक्षिक उन्नयनमा योगदान पर्याउनु त छँदैछ, यसबाट देशको विकास र सुशासनका क्षेत्रमा पनि ठूलो सघाउ पुग्ने धारणा वरिष्ठ अनुसन्धानदाता डा दशरथ न्यौपानेले राख्नुभयो । एनपिआरसीका उपाध्यक्ष डा न्यौपानेले नेपालमा यस्तो वातावरणको बन्न नसकेको चर्चा गर्दै भन्नुभयो, "राज्यको नीतिनिर्माण, नयाँ योजना या कार्यक्रम सञ्चालन, राज्यले प्रदान गर्दै आएका सेवाहरुको प्रभावकारिता लगायतका क्षेत्रमा गरिने राम्रो अनुसन्धानले सुशासन र पारदर्शिता स्थापनामा सहयोग गर्छ ।"

राज्यभित्रका कैयौं अनियमितता, राष्ट्रिय आवश्यकता र अन्य कैयौं सान्दर्भिक विषयमा हुने गरेका यस्ता अध्ययनहरु विश्वविद्यालयका पुस्तकालयहरुमा थन्किएर रहने गरेकाले ती अनुसन्धानदाताबाट राज्यले लाभ पनि लिनसक्ने उनीहरुको सुझाव समेत रहेको थियो ।

सो क्रममा एनपिआरसीका अध्यक्ष डा तेजबहादुर कार्कीले भन्नुभयो, "प्राज्ञिक अनुसन्धानहरुको प्रयोजन सम्बन्धित विद्यार्थी या शोधार्थी दीक्षित हुने नै हो, तर वर्षौं लगाएर, वैज्ञानिक विधि अपनाएर सूक्ष्म ढङ्गबाट गरिएका ती अनुसन्धानका निष्कर्षलाई राज्यले सार्वजनिक सम्पत्तिका रुपमा कसरी लिन सकिन्छ भन्ने बारेमा सोच्दा राम्रो हुन्छ ।"


## प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन (IEE) को सार्वजनिक सुनुवाईको लागि सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/३/०१

बागमती प्रदेश अन्तर्गत धादिङ जिल्लाको थाक्रे गाउँपालिका वडा नं. ०७ स्थित धार्नी खोला, राम्चे, क्षेत्रमा रहेको साधारण निर्माणमुखी ढुङ्गा खानी उत्खनन् आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदनको तयारीको क्रममा गर्नुपर्ने सार्वजनिक सुनुवाई कार्यक्रमा निम्न मिति, स्थान र समयमा उपस्थित भई आफ्ना राय, सल्लाह, सुझाव दिनुहुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| प्रस्तावक | श्री बज्रकाली रोडा ढुङ्गा उद्योग प्रा.लि. |
|---|---|
| सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिने स्थान | धार्नी खोला, राम्चे, थाक्रे गाउँपालिका वडा नं. ०७ |
| मिति | २०८३/०३/०७ |
| समय | बिहान १०:०० बजे |
| सम्पर्क व्यक्ति र सम्पर्क नं. | सुजन लामा: ९८५१०३६३९१ |


# राजनीतिलाई सेवाको प्रतीकका रुपमा रुपान्तरण गर्नुपर्छः कांग्रेस सभापति थापा



काठमाडौं । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राजनीतिलाई सेवाको प्रतीकका रुपमा रुपान्तरण गर्नु अहिलेको आवश्यकता रहेको बताउनुभएको छ ।

काठमाडौं महानगरपालिका वडा नं ८ ले सामाजिक सेवामा योगदान दिने व्यक्तित्वहरुलाई सम्मान गर्न आयोजना गरेको कार्यक्रममा सभापति थापाले सम्मानित व्यक्तित्वहरुले पेसा र क्षेत्रको विकासका लागि मात्र नभई लोकतन्त्रको जगलाई बलियो बनाउन पनि योगदान पुग्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "राजनीतिलाई वास्तविक र सेवाको प्रतीकका रुपमा रुपान्तरण गर्नुपर्ने अहिलेको आवश्यकता हो । हामी सबै मिलेर यो बाटो बनाउन केही योगदान गराैं ।"

त्यस अवसरमा पूर्वउपराष्ट्रपति परमानन्द झाले सम्मान ग्रहण गर्दै वडा कार्यालय नागरिकको सुखदुःखको भएको धारणा राख्नुभयो । "वडाले सक्रिय जीवनपछि घरमा भएकालाई सार्वजनिक स्थलमा ल्याएर सम्मान गरेको छ", झाले भन्नुभयो ।

समाजको वास्तविक स्वरुप, त्यस क्षेत्रमा बसोबास गर्ने सर्जक, कलाकार, खेलाडी, राष्ट्रसेवक, स्वास्थ्यकर्मी जस्ता पेसाकर्मी, ज्येष्ठ नागरिक, उद्यमी व्यवसायी तथा विभिन्न क्षेत्रका व्यक्तिहरुको व्यक्तित्वले बिम्बित गर्छ ।

कार्यक्रममा विभिन्न क्षेत्रका ७० व्यक्तिलाई सम्मान गरिएको थियो । सबै पेसा र क्षेत्रमा योगदान दिने व्यक्तित्वहरु आफ्नो वडामा हुनुलाई आफूले वैभवका रुपमा लिएको बताउँदै वडाध्यक्ष एवं महानगरपालिकाको सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्तले भन्नुभयो, "प्रतिशोध लिएरभन्दा स्वच्छ प्रतिस्पर्धा गरेर उन्नत समाज निर्माण गर्नुपर्नेछ ।"

त्यस अवसरमा वडाका ज्येष्ठ नागरिकहरू रत्नमान श्रेष्ठ, शारदामान राजभण्डारी, हिराबाबा श्रेष्ठ, ठूली सिलवाल, आशामरू सङ्त, रामप्रसाद चौलागाईं र गणेश महर्जन सम्मानित हुनुभयो । राष्ट्रसेवक कर्मचारीहरू ज्ञानेन्द्रराज बैद्य, सुमन बैद्य, सानु डङ्गोल, नेत्र तिमल्सिना, जनकराज ढुङ्गाना, टङ्कमणि शर्मा र नवदत्त उपाध्यायलाई सम्मान प्रदान गरियो । खेलकुद विधामा कविराज नेगी, अदिप्शा बैद्य, उदयमान श्रेष्ठ, मनिष सेढाईं, प्रशान्तमान श्रेष्ठ र सुरेन्द्र डङ्गोल रज्जनमान श्रेष्ठलाई सम्मान गरिएको थियो ।

त्यस्तै, धर्म संस्कृति विधामा संस्कृतिविद् मुकुन्द बैद्य, पुजारी मृत्युञ्जय कर्माचार्य, डा केदारमान भण्डारी, बाजागुरूहरू समिर सङ्त, रामकृष्ण डङ्गोल, भाइराजा डङ्गोल, राजेश सङ्त, समाज सेवीहरू रामकुमार श्रेष्ठ र अनन्तप्रसाद भेटवालगायतलाई सम्मान प्रदान गरियो । कला साहित्य विधातर्फ राजेश मानन्धर, अजित गौतम, सरिता मिश्र, महेश्वर राजभण्डारी, अच्युतराम भण्डारी, नरेन्द्रराज शर्मा, उद्धवप्रसाद भट्टराई र सजल राजभण्डारी सम्मानित हुनुभयो ।

प्रत्यूष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com